# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎: ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९६
इमेल: devchulimunicipality@gmail.com


प.सं. २०८०/०८१
च.नं. ४०६

मिति २०८०/०६/०२

**विषय: राजस्व बुझिलिने समय सम्बन्धी सूचना।**

महालेखा नियन्त्रक कार्यालयबाट तयार भई लागू भएको स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा थप गरिएको राजस्व मोड्युलमार्फत देवचुली नगरपालिका राजस्व शाखा र सवै वडा कार्यालयबाट नियमित रुपमा राजस्व संकलन गरी दैनिक रुपमा बैङ्क दाखिला गर्नुपर्ने भएकाले हिसाव मिलान तथा बैङ्क दाखिला गर्ने प्रयोजनार्थ साँझ ५:०० वजे सम्म राजस्व संकलन हुँदै आएकोमा मिति २०८०।०६।०२ गते देखि लागू हुने गरी देहायबमोजिम राजस्व बुझिलिने समय परिवर्तन भएको व्यहोरा सम्बन्धित सवैका जानकारीका लागि सूचित गरिन्छ । वित्तीय विवरण चुस्त दुरुस्त राख्ने कार्यमा सहयोग गरिदिनुहुन सम्पुर्ण करदाताहरुमा अनुरोध छ । यसबाट सेवाग्राहीमा पर्न जाने असुविधा प्रति नगरपालिका क्षमाप्राथी छ ।

**देहाय:**

**देवचुली नगरपालिका राजस्व शाखा र सम्पूर्ण वडा कार्यालयबाट राजस्व संकलन हुने समय:**

आइतवार देखि विहिवार सम्म: विहान १०:०० वजे देखि साँझ ३:४५ वजे सम्म ।

शुक्रवार: विहान १०:०० वजे देखि दिउसो १२:४५ वजे सम्म ।

हरेक महिनाको अन्तिम दिन कार्यालय खुलेको दिन कार्यालयहरुबाट राजस्व संकलन पुर्ण रुपमा वन्द गर्ने । सो दिन महिनाभरी संकलन भई वैङ्क दाखिला गर्न वाँकी रकम समयमानै दाखिला गरी मासिक वैङ्क रकम र राजस्व मोड्युलबाट संकलित रकम हिसाव/भिडान गराउने ।

**द्रष्टव्य** : *उल्लिखित समयपछि वा राजस्व संकलन नहुने दिनमा राजस्व बुझी सेवा प्रवाह गर्नुपर्ने भएमा सोहि दिन सेवा प्रवाह गरी सेवा शुल्क तथा दस्तुर वापतको रकम भोलिपल्ट संकलन गर्ने व्यवस्था मिलाउने ।*

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ:**

श्रीमान् नगर प्रमुख, देवचुली नगरपालिका ।

श्रीमान् नगर उपप्रमुख, देवचुली नगरपालिका ।

**बोधार्थ:**

श्री वडा कार्यालय (१-१७) सवै ।

श्री एन.आई.सी. एसिया वैङ्क दलदले शाखा, आवश्यक सहजिकरण गरिदिनु हुन ।